प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश

# साप्ताहिक समाचारपत्रिका

१८ मंसिर २०७९, अंक १

## यस अंक भित्र



पशुपंक्षि र वातावरणीय अन्तरसम्बन्धको प्रभावकारी व्यवस्थापन विषयमा छलफल
• २ •



डेमोडायलाईसिस सेवा संचालन
• ३ •



Field Epidemiology Training Programme (FETP) First Cohort
• ४ •

## पाक्षिक बैठक




स्वास्थ्य तथा जनसंख्या मन्त्रालय गण्डकी प्रदेशको आयोजनामा यस मातहतका निकायहरु बिच कार्यक्रम कार्यान्वयनको अबस्था तथा भावि योजना सम्वन्धमा नियमति रुपमा हुँदै आईरहेको मन्त्रालय अन्तर्गतका कार्यालयहरुको पाक्षिक Zoom Meeting को चौथो सस्करण पुरा भएको छ । प्रादेशिक स्वास्थ्य आपत कालिन कार्य संचालन केन्द्र (PHEOC) को प्राविधिक सहयोगमा सँचालित कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका स्वास्थ्य महाशाखा प्रमुख तथा PHEOC फोकल पर्सन डा. नारायण श्रेष्ठ र तथ्याङ्क अधिकृत ऋषि राम पौडेलको उपस्थीति रहेको थियो ।

छलफलमा यस आ.ब मा संचालित कार्यक्रमहरुको अवस्था, कार्यक्रम संचालनको क्रममा देखिएका समस्या र समाधानको लागि गरिएका प्रयासहरु, आगामि कर्ययोजनाहरु, अस्पतालहरुमा NCD Clinic/VIA शिविरको प्रगति, कोभिड–१९ /डेङ्गु को वर्तमान अवस्था वारेमा छलफल भएको थियो । कार्यक्रममा स्याङ्जा जिल्ला स्वास्थ्य कार्यलय, स्याङ्जा जिल्ला अस्पताल र आयुर्वेद केन्द्र बाट प्रश्तुतिकरण भएको थियो । २०७९ असोज ९ गते देखी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय गण्डकी प्रदेशका सचिव ज्य'को उपस्थितिमा सुरु भएको कार्यक्रममा हाल सम्म गोरखा, बाग्लुङ, पर्वत र स्याङ्जा जिल्ला बाट प्रस्तुति तथा छलफल गरिएको छ । आगामी कार्यक्रम २०७९ पौष १ गते शुक्रवार तनहुँ जिल्लाको प्रश्तुतिकरण हुनेछ ।

**लैङ्गिक हिंसा विरुद्धको**
**१६ दिने**
**अन्तराष्ट्रिय अभियान**
**९ मंसिर -२४ मंसिर सम्म**




लो–घेकर दामोदरकुण्ड गाउँपालिका र लोमान्थाङ गाउँपालिका, मुस्ताङको संयुक्त आयोजनामा संचालित परिमार्जित HMIS tool सम्बन्धी ३ दिने तालिम आज समापन भएको छ।




आरुघाट गाउँपालिका, गोरखाको आयोजनामा स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागी eLMIS सम्बन्धी ३ दिने तालिम संचालन भएको छ ।



मालिका गाउँपालिका, म्याग्दीले गर्भवती र सुत्केरीहरुका लागी घरघर मा स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिरहेको छ।



एक स्वास्थ्यको कार्यन्वयन–मानव, पशुपंक्षि र वातावरणीय अन्तरसम्बन्धको प्रभावकारी व्यवस्थापन विषयमा छलफल सम्पन्न भएको छ । स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका सुशिला कार्की, बिश्व स्वास्थ्य संगठनका डा.राजिब लालचन, डा. सुजन अधिकारी, विरोध कट्टेल, दिक्शन ढकाल र पशुपक्षि तथा मत्स्य विकाश निर्देशनालय का डा. राजेश चौधरीज्युको उपस्थितिमा भएको छल फलमा पशुपक्षि स्वास्थ्य र मानव स्वास्थ्य विचको अन्तर सम्बन्धको प्रभावकारी व्यवस्थापनको प्रदेशमा गर्नु पर्ने कार्यक्रमहरु र समन्वयको वारेमा छलफल भएको थियो ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको टिमले स्वास्थ्य मन्त्रालय, आयुर्वेद तथा बैकल्पिक चिकित्सा बिभागका महानिर्देशक डाक्टर बासुदेब उपाध्यायसंग भेटघाट तथा छलफल गरेको छ। भेटघाटमा गण्डकी प्रदेशको समग्र आयुर्वेद कार्यक्रमहरुको कार्यान्वयन अबस्था, बिभाग र प्रदेश बीचको समन्वय, स्वास्थ्य कार्यालय, अस्पतालहरु र आयुर्वेद संस्था बीचको सम्बन्ध र आयुर्वेदका समसामयिक बिषयमा छलफल गरेको हो। छलफल तथा भेटघाटमा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका कार्यक्रम संयोजक तथा बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा, स्वास्थ्य कार्यालय लमजुङ र मनाङका प्रमुखहरु अमर दवाडी र बाबुराम आचार्य र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मनाङका प्रमुख डाक्टर शंकर गौतम सहभागी हुनुभएको हो।



## हेमोडायलाईसिस सेवा संचालन

मध्यविन्दु जिल्ला अस्पताल, नवलपरासी पूर्बमा हेमोडायलाईसिस सेवा संचालन भएको छ।




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको समन्बय तथा स्वास्थ्य सेवा बिभाग, परिवार कल्याण महाशाखा, टेकुको आयोजनामा स्वास्थ्य तालिम केन्द्र, पोखरामा गण्डकी प्रदेश भित्र रहेका प्रदेश अस्पतालको ईमर्जेन्सी वार्डमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि FB–IMNCI प्रशिक्षक प्रशिक्षण तालिम संचालन भएको छ।




स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा मालिका गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा कार्यरत नर्सिङ कर्मचारीहरुलाई "गर्भवती र सुत्केरीको घर घरमा स्वास्थ्यकर्मी सेवा" कार्यक्रमको समीक्षा सम्पन्न भएको छ।



स्वास्थ्य सेवा बिभागको आयोजनामा संचालित ड्यासबोर्ड सम्बन्धि अभिमुखीकरण कार्यक्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त निर्देशक हेमन्त शर्मा पौडेल ।




नार्पा भूमि गाउँपालिका, मनाङ स्वास्थ्य शाखाको आयोजनामा मिति २०७९/०८/१३ र १४ गतेका दिन फू स्वास्थ्य चौकीमा ३० देखि ६० बर्ष सम्मका महिलाहरुको पाठेघरको मुखको क्यान्सर परिक्षणका लागि निः शुल्क शिविर संञ्चालन गरिएको छ।



राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, काठमाडौँको आयोजनामा नेपालमा पहिलो पटक ३ महिने Field Epidemiology Training Programme (FETP) First Cohort अन्तर्गतको पहिलो ६ दिने गोष्ठी सम्पन्न भएको छ। कार्यक्रममा नेपालभरीका २० जना सहभागीहरुको सहभागिता रहेको छ। गण्डकी प्रदेशबाट स्वास्थ्य कार्यालय, मनाङ, लमजुङ र नवलपरासी पुर्वका प्रमुखहरु बाबुराम आचार्य, अमर दवाडी र केशव चापागाई साथै स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्माको उपस्थिती रहेको छ। अबको चारहप्तापछिको फिल्डसंग सम्बन्धित कृयाकलाप सम्पन्न गरेपछि दोस्रो ६ दिने गोष्ठी काठमाडौंमा संचालन हुनेछ। अबको चारहप्ता सहभागी कार्यरत जिल्लाको महामारीसंग सम्बन्धित तथ्याङ्क संकलन र बिश्लेषण गरी प्रतिबेदन तयार गरिनेछ।

## ३५ औं विश्व एड्स दिवस




स्वास्थ्य कार्यालय, नवलपराशी पूर्वको आयोजनामा तथा कावासोती नगरपालिका र मध्यविन्दु नगरपालिका तथा अस्पतालको समन्वयमा नगर प्रमुख सहित सरोकारवालाहरूसंग अन्तरकिया सम्पन्न भएको छ।

(डा. नारायण श्रेष्ठ)
PHEOC संयोजक
एवं प्रवक्ता